नेपाल सरकार

युवा तथा खेलकुद मन्त्रालय

# युवा तथा साना व्यवसायी स्वरोजगार कोष

## स्वरोजगार बीमा कार्यविधि

## १. पृष्ठभूमि

युवा तथा साना व्यवसायी स्वरोजगार कोष (सञ्चालन) नियमावली, २०६५ को नियम १३ को आधारमा मिति २०६६।०१।२८ मा नेपाल सरकार अर्थ मन्त्रालय युवा तथा साना व्यवसायी स्वरोजगार कोष कार्यक्रम अन्तर्गत प्रवाह गरिने ऋणको संरक्षणको लागि बीमा गर्दा अपनाउने कार्यविधि सम्बन्धमा नेपाल सरकार अर्थ मन्त्रालय र तत्कालीन राष्ट्रिय बीमा संस्थान (नेतृत्व-बीमकहरुबाट) बिच भएको  दुईपक्षिय सम्झौता वमोजिम कोषबाट विभिन्न बैंक, वित्तिय संस्था तथा सहकारी संस्थाहरुबाट प्रवाह भएको स्वरोजगार कर्जा लिएका व्यवसायीहरुको जीवन तथा  परियोजना बीमा राष्ट्रिय बीमा कम्पनी लि. बाट गर्ने गरिएको छ । तदनुरुप स्वरोजगार कर्जा लिएका उद्यमी व्यवसायीहरुको प्रस्ताव फाराम भर्न तथा व्यवसायीहरुको क्षती भएको आधिकारिक विवरण अनुसार दावी फर्छ्यौट गर्न समन्वय गर्ने गराउने कार्य तथा संस्थानलाई प्रिमियम बापत लाग्ने खर्च सम्झौता वमोजीम अग्रिम पेश्की स्वरुप निकासाको लागि प्रक्रिया मिलाउने कार्य यस कोषको बीमा शाखाबाट हुनेछ । संस्थाले स्वरोजगार कर्जा लगानी गरेका व्यवसायीहरुको बीमा नगराएको खण्डमा थप किस्ता निकासा गर्न कोष वाध्य हुने छैन ।

## २. परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस बीमालेखमा,

(१) **"ऐन"** भन्नाले बीमा ऐन, २०४९ सम्झनुपर्छ ।

(२) **"बीमा नियमावली"** भन्नाले बीमा नियमावली, २०४९ सम्झनुपर्छ ।

(३) **"कोष नियमावली"** भन्नाले युवा तथा साना व्यवसायी स्वरोजगार कोष (सञ्चालन) नियमावली, २०६५ सम्झनुपर्छ ।

(४) "**बीमा समिति"** भन्नाले ऐनको दफा ३ बमोजिम गठित बीमा समिति सम्झनुपर्छ ।

(५) "**बीमक"** भन्नाले ऐनको दफा १० बमोजिम बीमा ब्यवसाय गर्न बीमक दर्ता प्रमाणपत्र प्राप्त संगठित संस्था सम्झनुपर्छ ।

(६) **"स्वरोजगार कोष"** भन्नाले युवा तथा साना व्यवसायी स्वरोजगारा कोष (संचालन) नियमावली,२०६५ बमोजिम स्थापना भएको युवा तथा साना व्यवसायी स्वरोजगार कोष सम्झनु पर्छ ।

(७) **"बीमित"** भन्नाले यस बीमालेखको अनुसूचीमा नाम उल्लेख भएको स्वरोजगार कार्यक्रम अन्तर्गत ऋण प्रदान गर्ने बैंक/वित्तिय संस्था/सहकारी संस्था तथा सो कार्यक्रम अन्तर्गत ऋण सुविधा प्राप्त गरि परियोजना संचालन गर्ने ऋणी सम्झनु पर्छ ।

(८) "**बीमित पशु/पन्छी/माछा/बाली"** भन्नाले यस बीमालेखको विवरण तालिकामा नाम र विवरण उल्लेख भएको पशु/पन्छी /माछा/बाली  सम्झनुपर्छ ।

(९) **"बीमित सम्पत्ति/ब्यवसाय"** भन्नाले यस बीमालेखको अनुसूचीमा नाम र विवरण उल्लेख भएको सम्पत्ति /ब्यवसाय लाई संझनु पर्दछ ।त्यस्तो सम्पत्ति /ब्यवसाय अन्तर्गत बीमा गरीने पशु/पन्छी /माछा/बाली समेत बुझाउनेछ ।

(१०) "**बैङ्क"** भन्नाले बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ बमोजिम इजाजत प्राप्त संस्था (जुन स्वरोजगार कर्जा लगानी गर्न युवा तथा साना व्यवसायी स्वरोजगा कोषसंग सम्झौता गरेका बैंक) संझनु पर्दछ ।

(११) **"सहकारी संस्था"** भन्नाले युवा तथा साना व्यवसायी स्वरोजगार कोषसंग स्वरोजगार कर्जा सम्झौता गरि स्वारोजगार कर्जा वितरण गर्ने सहकारी संस्था सम्झनु पर्दछ ।

(१२) "**संस्था"** भन्नाले बैंक, सहकारी संस्था, सहकारी समूह, सामुदायिक समूह, महिला स्वाबलम्बन समूह, आमा समूह, कृषक समूह आदि जस्ता समूह समेतलाई सम्झनुपर्छ ।

(१३) "**बीमाङ्क रकम"** भन्नाले बीमा प्रस्ताव फाराममा उल्लेख गरेको रकमलाई सम्झनुपर्छ ।

(१४) **"बीमा प्रस्ताव फाराम"** भन्नाले बीमा गर्ने व्यक्ति/बैंक सहकारी संस्थाले बीमा गर्ने बीमित ऋणी, सम्पत्ति वा व्यवसायको बारेमा पूर्ण विवरण भरेर बीमकलाई बुझाउने फारमलाई सम्झनु पर्छ ।

(१५) **"बीमालेख"** भन्नाले लिखित बीमा प्रस्तावको आधारमा बीमक र बीमित बीचको करारनामा सम्बन्धी अधिकार तथा दायित्व लगायत सबै अनुच्छेद, सम्पुष्टि, शर्तहरु, बन्देज तथा अपवादहरु उल्लेख भएको लिखत प्रमाणित दस्तावेजलाई सम्झनु पर्छ ।

(१६) "**बीमा अवधि"** भन्नाले यस बीमालेखको अनुसूचीमा उल्लेख भए अनुसार बीमा जोखिम स्वीकार गरिने बढीमा पाँच (५) बर्ष सम्मको अवधि संझनु पर्दछ । बीमकले नवीकरण गर्न स्वीकृति गरी सोको लागि लाग्ने बीमाशुल्क बीमकलाई प्राप्त भएको अवस्थामा नवीकरण भएको अवधिलाई पनि बीमा अवधि सम्झनुपर्छ ।

(१७) "**प्राविधिक ब्यक्ति"** भन्नाले कृषि सेवा केन्द्र, पशु सेवा केन्द्र, उपकेन्द्र वा मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धि बिषयमा आधारभूत ज्ञान हासिल गरी सम्बन्धित निकायबाट सो सम्बन्धमा कार्य गर्ने इजाजत प्राप्त व्यक्ति सम्झनु पर्दछ ।

(१८) **"पशु/पन्छी/माछा/बाली परीक्षण"** भन्नाले बीमाको लागि प्रस्तावित पशु/पन्छी/माछा/बाली को सम्बन्धित प्राविधिकबाट बीमा गर्न योग्य छ छैन भनि निरीक्षण गर्ने कार्य सम्झनुपर्छ ।

(१९) "**बाली क्षति र पशु /पन्छी/माछा मृत्यु प्रमाणपत्र "** भन्नाले तोकिएका प्राविधिकले बीमित बाली/पशु/पन्छी/माछा को मृत्यु/हानी-नोक्सानी भएको भनी प्रमाणित गरी दिएको प्रमाणपत्रलाई सम्झनुपर्छ ।

(२०) "**दुर्घटना"** भन्नाले बाहिरी आँखाले स्पष्ट देख्न सकिने र साङ्घातिक माध्यमबाट हुने आकस्मिक घटनालाई सम्झनुपर्छ ।

(२१) "**पूर्ण स्थायी असक्तता"** भन्नाले जुन प्रयोजनको लागि पशु पालन गरिएको हो सो प्रयोजनको लागि दुर्घटना वा रोगको कारणबाट उल्लिखित प्रयोजन पूर्ण रूपमा पूर्ति नहुने अवस्था सम्झनुपर्छ । तर यो व्यवस्था माछा, पंक्षि र बाली को हकमा लागू हुने छैन ।

(२२) **"सङ्केत पट्टा"** भन्नाले बीमा गरिएको पशुधनलाई पहिचान गर्ने उद्देश्यले प्राविधिकले लगाई दिने पहिचान खुल्ने सङकेत (ट्याग/माइक्रो चिप्स, आदि) सम्झनुपर्छ ।

(२३) **"लापरवाहि"** भन्नाले बीमालेखमा उल्लेखित सम्पत्ति/व्यवसाय (पशु/पन्छी/माछा/बाली) को प्रकृति अनुसार गनुपर्ने स्यारसुसार नगरेमा र अपनाउनुपर्ने सावधानी नअपनाएमा तथा रोगको उचित व्यवस्थापन नगरेको अवस्थालाई सम्झनुपर्नेछ ।

(२४) **"प्रतिष्ठान"** भन्नाले नेपाल सरकारको मान्यताप्राप्त निकायमा कर्जा लगानी तथा असुली गर्ने प्रावधानत कानून वमोजीम दर्ता भएका संस्थालाई सम्झनुपर्नेछ ।

## ३. स्वरोजगार बीमाको उद्देश्य

- कर्जा लिने ब्यक्तिको मृत्यु भएमा वा स्थायी अङ्गभङ्ग भई अशक्त भएमा ऋणको भार नीजको परिवारलाई नपरोस ।
- कुनै व्यवसायीको सम्पति/ब्यवसायमा हानी/नोक्शानी भएमा बीमाबाट क्षतिपूर्ति प्राप्तगरी व्यवसायलाई निरन्तरता दिन सकियोस् ।
- सम्भावित दुर्घटना/घटनाबाट ब्यक्तिको मृत्यू भएमा वा स्थायी रुपमा अपाङ्ग भएमा तथा परियोजनामा नोक्सानी भएको अवस्थामा पनि कोषको लगानी रकम र व्याज समेत सुरंक्षण गर्न सकियोस् ।

## ४. बीमा गराउने प्रक्रिया :

- स्वरोजगार कर्जा लिने ब्यक्तिले कर्जा लिएको रकम बराबरको परियोजना तथा जिवन बीमा गर्नको लागि सम्बन्धित बैंक, बित्तिय संस्था तथा सहकारी संस्था र अन्य प्रतिष्ठानले अनुसूची १ अनुसारको विवरण लिखित रुपमा तथा Online प्रस्ताव फाराम समेत भर्नु पर्ने ।
- Online फाराम भर्नका लागि बैंक, वित्तिय संस्था तथा सहकारी सस्थालाई छुट्टाछुट्टै Username तथा Password कोषको कार्यालयले उपलब्ध गराउने ।
- संस्थाले कर्जा लगानी गरि सकेपछि तत्काल व्यवसायीहरुको बीमा गराउनु पर्नेछ । संस्थाले भरेको फाराम कोषको कार्यालयले रुजु गरी राष्ट्रिय बीमा कम्पनीमा पेश गर्ने छ । संस्थाले वेवसाईट मार्फत बीमा प्रस्ताव भरिएका व्यवसायीहरुको विवरण रुजु भए नभएको तथा पोलिसी Issue भए नभएको हर वखत हेर्न सक्नेछन् ।
- स्वरोजगार कर्जा लिई पालन पोषण गरेको पशु तथा पक्षिंहरुको ट्यागिङ बीमकले आफ्नै खर्चमा जिल्ला स्थितको स्वरोजगार कोषको कर्मचारीको सहयोगमा ट्याग गर्नु पर्नेछ ।

- बीमित ऋणीको मृत्यु वा दुर्घटनाको कारणवाट अशक्त वा अपाङ्ग भएको हकमा बीमा प्रस्ताव फारम भरी पेश गरेकै मितिवाट बीमालेख सरह लागु हुने ।
- सम्पत्ति पशु, पन्छी, माछा/बाली आदिको हकमा बीमा प्रस्ताव फारम भरी पेश गरेको तीन दिन पछि बीमालेख सरह मान्य हुने ।

## ५. प्रिमियम खर्च :

मिति २०६६।०१।२८ गतेको अर्थ मन्त्रालय तथा बीमा कम्पनीहरुको तर्फबाट राष्ट्रिय बीमा संस्थानको दुई पक्षिय सम्झौताको शिर्षक (ख)१ वमोजिम "एक वर्षको अनुमानित बीमा शुल्कको कम्तीमा ५० प्रतिशत रकम बीमा संस्थानलाई आंशिक अग्रिम भुक्तानीको रुपमा उपलब्ध गराउनु पर्नेछ ।" भन्ने बुदाको आधारमा बीमा कम्पनीलाई बीमा शाखाको सिफारिसमा कोषले हालसम्म अग्रिम भुक्तानी गरि राखेको छ । बीमा कम्पनीलाई बीमा प्रिमियमका रुपमा बैंक, वित्तिय संस्था तथा सहकारी संस्था र अन्य प्रतिष्ठानले ऋण लगानी गरेको रकमको तपसिल अनुसारको दररेट वमोजीम जीवन बीमा तथा परियोजना बीमा समेतको बीमा शुल्कको युवा तथा साना व्यवसायी स्वरोजगार कोषले भुक्तानी गर्नेछ ।

एक बर्षको लागि बीमाङ्क रकमको १ प्रतिशत,

दुई वर्षको लागि बीमाङ्क रकमका २ प्रतिशत,

तीन वर्षको लागि बीमाङ्क रकमका २.७५ प्रतिशत,

चार वर्षको लागि बीमाङ्क रकमका ३.२५ प्रतिशत र

पांच वर्षको लागि बीमाङ्क रकमका ४ प्रतिशत

*(उपरोक्त अनुसारको प्रिमियमदर कोषको संचालक समितिले फेरवदल गर्न सक्नेछ ।)*

## ६. जोखिमहरू रक्षावरण हुने अवस्था

१. बीमकले बीमितलाई निम्नलिखित कुनै कारणबाट स्वरोजगार कार्यक्रम अन्तर्गत प्रदान भएको ऋण सुबिधाबाट संचालित परियोजना अन्तर्गत र यस बीमालेखमा उल्लेख भएको सम्पत्ति/व्यवसायको क्षति/हानि–नोक्सानी भएमा बीमाङ्क रकमको बढीमा १०० प्रतिशत रकम क्षतिपूर्ति सम्बन्धित पक्षलाई भुक्तानी गर्नेछः–

   (क) आगलागी, बिष्फोटन, स्वजलन वा चटयाङ्ग,
   (ख) भूकम्प (अग्नि तथा धक्का)
   (ग) बाढी/डुवान,/खडेरी
   (घ) पहिरो/भूःस्खलन,
   (ङ) आधिबेहरी, असिना, हिउँ वा तुसारो
   (च) किरा तथा रोगबाट हुने हानी नोक्सानी
   (छ) अक्सिजनको कमी ,एमोनीयाबाट हुने नोक्सानी (माछाको लागि)
   (ज) विषालु पदार्थबाट मरेमा (माछाको लागि)
   (झ) हुलदंगा/हडताल/द्वेशपूर्ण कार्य/आतंककारी/बिध्वंशकारी कार्य

२. बीमित ऋणीको मृत्यू तथा अङ्गभङ्ग भएको अवस्थामा प्राप्त गर्न सक्ने सुविधा

| क.सं. | बिवरण | सुबिधा |
|---|---|---|
| क) | मृत्यु भएमा | बीमाङ्कको १००% रकम |
| ख) | स्थायी अशक्तता भएमा | बीमाङ्कको १००% रकम |
| ग) | नाडी वा सो भन्दा माथि देखि दुबै हात वा गोली गाँठो वा सो भन्दा माथि देखि दुबै खुट्टा काटिएमा वा भविष्यमा निको नहुने गरी दुबै आँखा पूर्ण रुपमा | बीमाङ्कको १००% रकम |

| | | |
|---|---|---|
| | दृष्टि विहिन भएमा | |
| घ) | नाडी वा सो भन्दा माथि देखि एउटा हात र गोली गाँठो वा सो भन्दा माथि देखि एउटा खुट्टा काटिएमा वा शारिरीक रुपले काम नलाग्ने भएमा | बीमाङ्कको १००% रकम |
| ङ) | नाडि वा सो भन्दा माथि देखि एउटा हात वा गोली गाँठो वा सो भन्दा माथि देखि एउटा खुट्टा काटिएमा वा भविष्यमा निको नहुने गरी एउटा आँखा पूर्ण रुपमा दृष्टि विहिन भएमा | बीमाङ्कको १००% रकम |
| च) | दुवै कान पूर्ण रुपमा श्रवण विहिन (पूर्ण रुपमा नसुनिने) भएमा | बीमाङ्कको ५०% रकम |
| छ) | नाडि वा सो भन्दा माथि देखि एउटा हात वा गोली गाँठो वा सो भन्दा माथि देखि एउटा खुट्टा काटिएमा वा शारिरिक रुपले काम नलाग्ने भएमा | बीमाङ्कको ५०% रकम |
| ज) | एउटा आँखाको भविष्यमा फिर्ता नहुने गरी पूर्ण रुपमा दृष्टि विहिन भएमा | बीमाङ्कको ५०% रकम |

## ७. क्षतिपुर्ति प्राप्त गर्ने प्रावधान :

- स्वरोजगार कर्जा लिई परियोजना सञ्चालन गरिरहेका कर्जा ग्राहीको भाखा भित्र मृत्यू भएमा वा स्थायी रुपमा अपाङ्ग भएमा तथा भवितव्य परि परियोजनाको नोक्सान भएमा बीमा कम्पनी मार्फत नियमानुसार क्षतिपुर्ति उपलब्ध गराउने छ ।
- कुनै पनि घटना घटेको अवस्थामा व्यवसायी/ऋणी संस्थाले नियमानूसार बीमा कम्पनीलाई लिखित रुपमा जानीकारी गराई यस कार्यविधिको बुदा नं. ८ अनुसारका कागजातहरु पेश गर्नु पर्नेछ ।
- कर्जा लगानी गर्ने संस्थाले ऋणीलाई कर्जा उपलब्ध गराएको वखत ऋणीको बीमा गराई बीमा कम्पनीबाट पोलिसी लिनु पर्नेछ अन्यथा बीमा कम्पनीले क्षतिको क्षतिपुर्ति उपलब्ध गराउने छैन ।
- क्षतिपुर्ति उपलब्ध गराउनु अगाडी स्वरोजगार कोष तथा राष्ट्रिय बीमा कम्पनी लि. ले क्षति भएको स्थानमा पुगी क्षतीको अनुगमन गर्न सक्नेछ ।
- बीमा कम्पनीले दावि क्षतिपुर्ति वापतको चेक जारी गर्दा व्यवसायीलाई कर्जा लगानी गर्ने संस्था अथवा स्वरोजगार कोषको नाउँमा चेक जारि गर्नेछ ।

## ८. बीमा दाबी प्रक्रिया

स्वरोजगार व्यवसायीको मृत्यू भएमा, अङ्गभङ्ग भएमा तथा परियोजना क्षति भएमा निम्न वमोजिम बीमा दाबी गर्नु पर्नेछ ।

- **बीमित ऋणीको मृत्यु भएको अवस्थामा**
  १. बीमित ऋणीको मृत्यू भएमा ३० दिन भित्र बीमकलाई लिखित सूचना दिनु पर्नेछ ।
  २. बीमा दावीको लागि ९० दिन भित्र अनिवार्य रुपमा निम्न कागजातहरु संलग्न गरी दावी गरिसक्नु पर्नेछ ।
    क) सहकारी संचालक समितिको माइन्युट,
    ख) सहकारी संस्थाको सिफारिस पत्र,
    ग) मृत्यु दर्ता प्रमाणपत्र प्रतिलिपी,
    घ) मृतकको नागरिकताको प्रतिलिपी,
    ङ) ऋणीका इच्छाइएको व्यक्तिको निवेदन र नागरिकताको प्रतिलीपी
    च) मृतक र इच्छाइएको व्यक्ति विच नाता प्रमाणित प्रमाणपत्रको प्रतिलिपी,
    छ) स्थानीय वा प्रहरी मुचुल्का
    ज) जिल्ला स्थितको कर्जा असूली उप समितिको सिफारिस,
    झ) सबै विवरण खुल्ने गरी पूर्ण रुपमा भरेको अनुसूचि २ वमोजिमको दाबी फाराम

- **बीमित ऋणीको दुर्घटनाबाट अंगभंङ्ग/अशक्तता भएमा**

  १. बीमित ऋणीको दुर्घटनाबाट शारिरिक चोटपटक लागि स्थायी रुपले अशक्त वा अपाङ्ग भई आय आर्जन गरि जिविकोपार्जन गर्न असक्षम भएको खण्डमा ऋणीले दुर्घटना भएको ९० दिन भित्र बीमकलाई लिखित सूचना दिनु पर्नेछ ।

  २. बीमा दावीको लागि बीमितले दुर्घटना भएको १८० दिन भित्र निम्नानुसारका कागजात सम्लग्न गरी बीमकलाई पठाउनु पर्नेछ ।

  क) सहकारी संचालक समितिको माइन्युट,
  ख) सहकारी संस्थाको सिफारिस पत्र,
  ग) विषयको विषेशज्ञ चिकित्सकबाट अशक्तताको प्रमाणित प्रति
  घ) अपांग ऋणीको नागरिकताको प्रतिलिपी,
  ङ) स्थानीय मुचुल्का
  च) जिल्ला स्थितको कर्जा असूली उप समितिको सिफारिस,
  छ) सबै विवरण खुल्ने गरी पूर्ण रुपमा भरेको अनुसूचि २ वमोजिमको दाबी फाराम

- **सम्पत्ति/व्यवसायको क्षति हानि–नोक्सानी भएमा**

  १. बीमित सम्पत्ति/व्यवसायको क्षति/हानी नोक्सानी भएमा सोको तीन दिनदेखि सात दिन भित्र बीमकलाई सूचना लिखित रुपमा निवेदन/फ्याक्स वा इमेलवाट दिनु पर्नेछ तर पशु-पंछी/माछा/बालीको हकमा तीन दिन भित्र बीमकलाई लिखित सूचना दिनु पर्नेछ ।

  २. बीमितले ३० दिन भित्र अनिवार्य रुपमा निम्न कागजातहरु संलग्न गरी दावी गरिसक्नु पर्नेछ ।

  क) वडा/स्थानिय मुचुल्का,
  ख) सहकारी संचालक समितिको माइन्युट,
  ग) सहकारी संस्थाको सिफारिस,
  घ) ऋणीको निवेदन र नागरिकताको प्रतिलीपी
  ङ) गा.पा./न.पा. को सिफारिस,
  च) कृषि/पशु सेवा केन्द्रको रोग किटानी (पशुको हकमाउमेर समेतको) सहितको सिफारिस,
  छ) जिल्ला स्थितको कर्जा असूली उप समितिको सिफारिस,
  ज) क्षतिभएको परियोजनाको फोटो (पशुको हकमा ट्याग पुरा देखिने गरी फोटा पेश गर्नु पर्नेछ) ।
  ञ) सबै विवरण खुल्ने गरी पूर्ण रुपमा भरेको अनुसूचि २ वमोजिमको दाबी फाराम

  *नोट : प्राकृतिक विपत्तिबाट क्षतिभएको खण्डमा प्रहरी मुचुल्का संलग्न गनुपर्ने छ तथा माछा विषालु पदार्थबाट मरेको अवस्थामा नेपाल सरकारबाट मान्यता प्राप्त प्रयोगशाला द्वारा प्रमाणित गरिएको प्रमाण पत्र संलग्न गनुपर्ने छ ।*

## ९. बीमितले पालना गर्नु पर्ने सर्तहरु :

*बीमितले तल उल्लेखित सर्तहरु अवलम्वन गर्नु पर्नेछ*

१. यस बीमालेख अर्न्तगत कुनै दुर्घटना वा हानि नोक्शानी भएमा सोको सूचना लिखित रुपमा अबिलम्ब तोके वमोजीमको समयमा बीमकलाई दिनु पर्नेछ ।

२. पशुपंछी धनलाई तन्दुरुस्त राख्नको लागि बीमितले आफ्नो पशुपंछीलाई समय समयमा प्राविधिकबाट पशुपन्छीको स्वास्थ जाँच गराउनु पर्नेछ ।

३. बीमित पशुधनलाई लगाई राखिएको बीमाको सङ्केत पट्टा (ट्याग/माइक्रो चिप्स आदि) झरेमा वा हराएमा बीमितले अनिवार्य रूपमा तत्काल बीमक वा सम्बन्धित संस्था वा स्वरोजगार कोषको जिल्ला स्थित समन्वय समितिलाई जानकारी गराउनुपर्नेछ । अन्यथा बीमक दाबीको क्षतिपूर्ति भुक्तानीका लागि बाध्य हुने छैन ।

४. यस बीमालेखमा उल्लेख भए बाहेक अन्य बन्देज र सर्त तथा सुविधाहरु बीमा समितिले जारी गरेको पशुधन निर्देशिकामा उल्लेख भए अनुसार हुनेछ । साथै यस बीमालेख अन्तर्गत कुनै किसिमको विवाद उत्पन्न भएमा सोको निराकरणको लागि प्रचलित बीमा ऐन, नियम तथा निर्देशिकामा उल्लेख भए अनुसार विवाद समाधान गरिनेछ ।

५. बीमित पशु पन्छी धनको सम्बन्धमा सत्य तथ्य कुरा लुकाइ छिपाई झुट्टा विवरण दिएको पाइएमा बीमालेख स्वतः रद्द हुनेछ

६. कृषिबाली तरकारी तथा फलफूल खेतीमा कुनै रोग/किरा वा दुवै लागेमा कृषिबाली तरकारी तथा फलफूल खेती धनीले तत्काल आफ्नै खर्चमा उचित रेखदेख गराउनु पर्नेछ ।

७. यस बीमालेख अन्तर्गत बीमित सम्पति/व्यवसाय/कृषिबाली तरकारी तथा फलफूल खेतीको क्षती भएको कारणबाट अन्य वा थप खर्च वा हानी–नोक्सानीको दावी गर्न पाइने छैन ।

८. दाबी पर्न सक्ने अवस्थामा बीमितले बीमकलाई आवश्यक पर्ने सम्पूर्ण जानकारी तथा तत् सम्बन्धि अन्य सहयोग उपलब्ध गराउनु पर्नेछ ।

९. कुनै दाबी जालसाजी भएमा वा उक्त सिलसिलामा झुठा बयान दिई बीमितले वा नीजको तर्फवाट काम गर्ने अधिकार प्राप्त कुनै व्यक्ति वा संस्थाले यो बीमालेख अर्न्तगत कुनै लाभ उठाउन खोजेमा वा जानी जानी बीमित वा अन्य कुनै व्यक्तिको मिलोमताको कारणले कुनै हानि नोक्शानी भएमा वा कुनै घटना भएमा यो बीमालेख अर्न्तगतको सबै लाभबाट बीमित बञ्चित हुनेछ ।

१०. कुनै पनि समयमा बीमितले सत्य तथ्य लुकाई गलत तरिकाले यस बमोजिमको दाबी भुक्तानी लिएको प्रमाणित भएमा त्यसरी प्राप्त गरेको रकम एकमुष्ट बुझाउन बीमकले ३५ दिने सूचना जारी गर्न सक्ने छ । उक्त सूचनाको म्याद भित्र सो रकम भुक्तानी गर्नु बीमितको कर्तव्य हुनेछ । अन्यथा प्रचलित कानुन बमोजिम हुनेछ ।

११. यस बीमालेख अन्तर्गत ऋणीहरुले सामूहिक लगानी गर्न चाहेमा बढीमा पच्चिस (२५) जनाको मात्र समूह बनाउन पाइने छ । निजहरूले उक्त कोषबाट लिएको अधिकतम ऋण मात्राको आधारमा बीमाङ्क कायम गरिनेछ ।

१२. यदि व्यवसायीलाई कर्जा लगानी गर्ने संस्थाले व्यवसायीहरको बीमा नगरेको खण्डमा संस्थालाई थप किस्ता निकासा हुने छैन ।

## १०. बीमकले दाबी भुक्तानी नगर्ने अवस्था

१) नागरिक वा जंगी ऐन भंग गरेमा, कानूनको वर्खिलाप हुने कुनै युद्ध जस्ता कार्य (युद्ध घोषित होस् वा नहोस्) मा संलग्न भएमा

२) यस बीमालेख अन्तर्गत जोखिम रक्षावरण प्रारम्भ हुने मितिबाट ६ महिना भित्र बीमित ऋणीले आत्म हत्या गरेमा ।

३) बीमा प्रस्ताव गर्दा विद्यमान रोगको कारणले बीमित ऋणीको मृत्यु भएमा ।

४) बीमित पशु/पन्छी/माछा/बाली" हराएमा वा चोरी भएमा ।

५) बीमित वा निजको एकाघरका परिवारका सदस्यको लापरवाहीले वा जानाजान मनोरञ्जनको उद्देश्यबाट वा रिसइवीपूर्ण व्यवहारको कारणबाट बीमित पशु/पन्छी/माछाको मृत्यु भएमा वा बाली नष्ट भएमा ।

६) व्यापक संक्रामक रोग (बर्डफ्लु) को कारणबाट बीमित पन्छीको मृत्यु भएमा ।

७) सरकारी निकाय वा अन्य मान्यता प्राप्त कानुनी निकायको आदेशमा बीमित कृषी बाली/पन्छीलाई नष्ट गर्नुपर्ने भएमा

८) बीमित पशुधनको शरीरमा लगाई राखिएको सङ्केत पट्टा मृत पशुधनको शरीरमा नभेटिएमा ।

९) बीमकको सहमति बेगर पशु पन्छी धनलाई जून प्रयोजनको लागि ल्याएको हो सो बाहेक अन्य प्रयोजनमा प्रयोग गरेमा ।

१०) निर्धारित अवधिभित्र दावी प्रक्रिया शुरु नगरेमा ।

११) युद्ध, अतिक्रमण, विदेशी सैन्य कारवाही, (युद्ध घोषणा भएको होस् वा नहोस्) गृहयूद्ध, राजद्रोह, क्रान्ति, सत्ता विप्लव, सैनिक विद्रोहको कारणबाट बीमित पशु पन्छीको मृत्यु भएमा ।

१२) बीमितले प्रस्ताव फाराममा विवरण दिंदा झुट्टा विवरण दिएमा वा जोखिम मूल्याङ्गन गर्नका लागि आवश्यक पर्ने वास्तविकता लुकाई झुट्टा कुरा उल्लेख गरेमा ।

१३) देहायको प्रत्यक्ष वा अप्रत्यक्षरुपमा सिर्जना भएको वा सोको प्रतिकुल योगदानबाट उत्पन्न कारणले बीमित सम्पत्तिमा क्षति भएमा ।

क) आणविक विकिरण वा आणविक इन्धनको ज्वलनपछि शेष रहेको बेकम्मा पदार्थबाट निस्कने रेडियोधर्मिता (स्वतः जारी रहने अणुको विच्छेदनको ज्वलनसमेत) को सक्रियताको संसर्गबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपले दुर्घटना भएमा ।

(ख) आणविक हातहतियारबाट उठेको वा सोसंग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न रहेको कारणबाट भएको दुर्घटना

१४) बीमितले परियोजना सञ्चालन गरेको अवस्थामा बीमा गरेको सम्पत्ति बाहेक परियोजनाबाट वढे वढाएको सम्पत्तिको दावी भुक्तानी गर्ने छैन ।

## ११. कार्यविधि संसोधन/खारेजी

स्वारोजगार कोषले आवश्यकता अनुसार यस कार्यविधिमा आवश्यक संसोधन/परिमार्जन एवं खारेजी गर्न सक्नेछ ।

अनुसूची १

# युवा तथा साना व्यवसायी स्वरोजगार बीमा प्रस्ताव फाराम

**(कर्जा लिने ब्यक्ति तथा समुहले यो फारम भरी सहकारी/संस्था/बैंकमा पेश गर्ने)**

| कृपया सफासँग लेख्नुहोस् कुनै केरमेट भएमा उक्त ठाउँमा दस्तखत गर्नुहोस् र टिपेक्स प्रयोग नगर्नुहोस् | | | | |
|---|---|---|---|---|
| १ | ऋण प्रवाह गर्ने बैंक/वित्तिय/ सहकारी संस्थाको | क | नाम | |
| | | ख | ठेगाना | प्रदेशः...................जिल्लाः.................. न.पा./गा.पा......... वडा नं.: ......ब्लक नं. ........ |
| २ | प्रस्तावित बीमित ऋणीको | क | नाम थर | नेपालीमा ........................................... |
| | | | | अंग्रेजीमा : |
| | | ख | ठेगाना | फोन ........ इमेल.......... मोवाइल नं. ............. फ्याक्स नं. ....... |
| | | | स्थायी | प्रदेशः...................जिल्लाः.................. न.पा./गा.पा......... वडा नं.: ......ब्लक नं. ........ |
| | | | अस्थायी | प्रदेशः...................जिल्लाः.................. न.पा./गा.पा......... वडा नं.: ......ब्लक नं. ........ |
| | | ग | हाल गरिरहेको पेशा | |
| | | घ | ऋण लिएको रकमबाट संचालन गरिने ब्यवसाय स्वलगानी गरेको भए रकम उल्लेख गर्ने | |
| | | ङ | शैक्षिक योग्यता | |
| | | च | जन्म मिति | .................. साल ............... महिना .........गते |
| | | छ | उमेर सम्बन्धी प्रमाणपत्र | |
| | | ज | लिङ्ग : पु/म.:......... | (झ) राष्ट्रियताः ...................................... |
| | | ञ | प्रस्तावित बीमित ऋणीको पिता/माताको नाम, थर : ............................................. | |

| ३ | बीमालेखले रक्षावरण गर्नु पर्ने सम्पत्ति/ब्यवसाय सम्बन्धी विवरण : | | | | | |
|---|---|---|---|---|---|---|
| | बीमा गरिने सम्पत्ति/ब्यवसाय को किसिम : | | | | | |
| | क. सम्पत्ति/ब्यवसाय रहने स्थान | | | | | |
| | प्रदेशः ................ | जिल्ला .......... | गा.पा./न.पा......... ......... | वडा नं. ............. | टोल : .................. | ब्लक नं./घर नं.: |
| | ख. सम्पत्ति/ब्यवसाय रहने स्थानको घर धनी फरक भए : | | | | | |
| | घर/जग्गा धनिको | नाम थर : | | | | |
| | | ठेगाना : | | | | |
| | घरको बनावट यदि घर भएमा | कच्ची/पक्की : | | | | |
| | | तलाको संख्या : | | | | |
| | घर/जग्गा रहेको | कित्ता नं. | | | | |
| | ग. बीमालेखले रक्षावरण गर्नु पर्ने सम्पत्ति/ब्यवसायको विवरणः | | | | | |

| | | | |
|---|---|---|---|
| | **सम्पत्ति:**<br>स्वरोजगार व्यवसाय<br>........................... | मूल्य : (स्वरोजगार कर्जा बराबरको रकम)<br>अ)<br>आ)<br>इ)<br>ई)........... | व्यवासयको पहिचानको :<br>अ)<br>आ)<br>इ)<br>ई)........... |

४. **आफूले बीमा गर्ने सम्पत्ति/व्यवसाय अन्तर्गत पर्ने प्रश्नहरुको मात्र जवाफ दिनुहोस् :**

क) बीमित पशुधनको विवरण तालिका :

| क.सं | नाम | जात | उमेर | उचाइ | रङ | पालिएको तरिका | | सङ्केत पट्टा | हालको स्वास्थ्य स्थिति | बीमा अवधि | | बीमाङ्क |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | ▪बँधुवा | ▪चरन | | | देखि | सम्म | |
| | | | | | | | | | | | | |

ख) बीमित पन्छीको विवरण तालिका :

| क.सं | किसिम | उमेर | समूह/ब्याच | पालिएको तरिका | | हालको स्वास्थ्य स्थिति | बीमा अवधि | | बीमाङ्क |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | घरपालुवा | व्यवसायिक | | देखि | सम्म | |
| | | | | | | | | | |

ग) बीमित माछाको विवरण तालिका :

| क.सं | किसिम | जात | पालन प्रविधि | जलासयको क्षेत्रफल | बीमा अवधि | | बीमाङ्क |
|---|---|---|---|---|---|---|---|
| | | | | | देखि | सम्म | |
| | | | | | | | |

घ) खेतीको विवरण तालिका :

| क्र.सं. | जात/बाली | क्षेत्रफल | वर्तमान लागत मूल्य (कृषि मन्त्रालय मार्फत उपलब्ध तथ्याङ्क बमोजिम) | बीमा अवधि | | बीमाङ्क रकम |
|---|---|---|---|---|---|---|
| | | | | देखि | सम्म | |
| | | | | | | |

| | | |
|---|---|---|
| ५. | क) बीमा गरिने पशु/पंक्षी/माछाहरु स्वस्थ्य र रोगमुक्त छन् ? यदि छैनन् भने रोगहरूको विवरण दिनुहोस : ...............................................................................................................<br>ख) बीमा गरिने फलफूल/बालीमा किरा वा रोग लागेको छ ? यदि छ भने रोगहरुको स्पष्ट विवरण दिनुहोस्: ............................................. | |
| ६. | पालिने पशु/पंक्षी/माछाहरुको लागि स्वास्थ्य सेवा उपलब्ध छ ? यदि छ भने उक्त सेवा कहाँबाट लिइने हो:<br>क) सरकारी स्वास्थ्य सेवाहरु ..................................................................<br>ख) निजी स्वास्थ्य सेवाहरु ......................................................................<br>ग) स्वास्थ्य सेवा केन्द्रको अनुमानित दूरी उल्लेख गर्नुहोस......................... | |
| ७. | स्वास्थ्य विवरण (**कर्जा प्राप्त गर्ने व्यक्तिको**) | |
| | क) के तपाई अहिले पूर्ण स्वस्थ हुनुहुन्छ ? र यस अघिको बिरामी वा चोटपटकको असरबाट मुक्त भइसक्नु भएको छ ? यदि छैन भने पूर्ण विवरण दिनुहोस् । | |
| | ख) अक्सर तपाईलाई औषधोपचार गर्ने चिकित्सक, अस्पताल वा नर्सिङ्ग होमको नताम, ठेगाना दिनुहोस् । | |
| ८. | बीमाको अवधि भित्र बीमित ऋणीको मृत्यु भएमा यस बीमालेख अन्तर्गत ऋण प्रवाह गर्ने बैंक/बित्तीय संस्था/सहकारी संस्थालाई नियमानुसार तिर्नु पर्ने रकम भन्दा बढी दावी भुक्तानी प्राप्त हुन सक्ने अवस्थामा त्यस्तो भुक्तानी लिन इच्छाइएको व्यक्तिको विवरण : | क) नाम थर : ..................................<br>ख) स्थायी ठेगाना : ................................<br>ग) माता/पिताको नाम : ................................<br>घ) बीमित ऋणी र इच्छाइएको व्यक्ति बीचको नाता : ........ |
| ९. | दावी फर्छ्यौट वापतको चेक जारि गरिने निकाय : | व्यवसायीलाई स्वारोजगार कर्जा लगानी गर्ने संस्था "अथवा" |
| १०. | बीमित ऋणीको जोखिम बृद्धि गर्ने कुनै कुरा वा शारिरिक अपाङ्गता केही भए उल्लवेख गर्नुहोस् । | |
| ११. | बीमाको अवधिः आज मिति .................. देखि भुक्तानी गर्ने अन्तिम मिति ...................... सम्म (ऋणीले स्वरोजगार कर्जाको अन्तिम भुक्तानी मिति) | |

हामी/म यो घोषणा गर्दछौ कि यस प्रस्ताव फाराममा उल्लेखित सम्पूर्ण विवरणहरु ठीक साँचो हुन् । हामी/मैले वास्तविक सूचना वा सत्य तथ्य लुकाएका छैनौं, गलत विवरण दिएको वा गलत व्याख्या गरी प्रस्तुत गरेका छैनौं । बीमकले यस प्रस्ताव फारामको आधारमा जारी गर्न सक्ने बीमालेखको अङ्ग मानिने यो प्रस्ताव फाराम बीमक र हामी बीचको करारको आधार हुनेछ ।

| | |
|---|---|
| ऋण प्रवाह गर्ने बैंक/वित्तीय संस्था/सहकारी संस्था/अन्य प्रतिष्ठानको तर्फबाट सहि छाप गर्ने अधिकारीको<br>हस्ताक्षर :<br>नाम थर:<br>पद:<br>मिति: | प्रस्तावित बीमित ऋणीको दस्तखतः ...............................<br>औंठाको छाप |

| दायाँ | बाँया |
|---|---|
| | |

**द्रष्टव्यः वीमित ऋणीको वाहेक अन्य पशु/पंक्षी/माछा/बालीको हकमा यो प्रस्ताव फाराम भरि पेश गरेको मितिबाट तीन (३) दिन पछि वीमालेख सरह मान्य हुनेछ ।**

अनुसूची २

# युवा तथा साना व्यवसायी स्वरोजगार बीमा
## दावी फाराम

१. बीमकको नाम :

२. ऋणीको नामः

३. ऋण प्रवाह गर्ने संस्थाको नामः

४. बीमालेख नं

५. बीमा अवधिः

६. बीमाङ्क रकमः

७. बीमा शुल्क : भुक्तानी मितिः रसिद नं.

८. बीमा रक्षावरण गरिएको सम्पतिः

९. बीमित ऋणीको मृत्यु भएको अवस्थामाः–

क) मृत्यू भएको मिति :

ख) मृत्यूको कारण :.......... ............. ..................................

ग) औषधोपचार गर्ने चिकित्सक, अस्पताल वा नर्सिङ्ग होमको नाम, ठेगाना

१० बीमित ऋणीको दुर्घटनाबाट स्थायी अंगभंग/अशक्तता भएको अवस्थामा

क) दुर्घटना मितिः

ख) स्थायी अंगभंग/अशक्तता कारणः

ग) शरीरको कुन भाग स्थायी अंगभंग/अशक्त भएकोः

घ) औषधोपचार गर्ने चिकित्सक, अस्पताल वा नर्सिङ्ग होमको नाम, ठेगाना

११. बीमित सम्पति/व्यवसायको हानी नोक्शानी भएमाः

क) सम्पतिमा हानी नोक्शानी भएको मितिः

ख) नोक्शानीको कारण

ग) क्षतिको विबरणः

घ) अनुमानित क्षतिभएको रकम रु.

ङ) सम्बन्धित प्राबिधिक तथा स्वास्थ्यसंस्थाकोनामः

च) क्षति निर्धारण गर्ने सर्भेयरको नाम

माथि उल्लेखित बिबरण ठीक तथा सत्य हो फरक परेमा बीमाको नियम अनुसार भएमा दाबी उजुर गर्ने छैन ।

दाबी कर्ता/नीजको प्रतिनीधिको सहीः

नामः

ठेगानाः

मितिः

| | |
|---|---|
| ऋण प्रवाह गर्ने बैंक/वित्तीय संस्था/सहकारी संस्था तर्फबाट सहि छाप गर्ने **अधिकारीको** | |
| हस्ताक्षरः | कार्यालयको छाप |
| नाम थरः | |
| पदः | |
| मितिः | |
| जिल्ला स्थित समितिको तर्फबाटः | |
| **सदस्य सचिवको** | **संयोजक/सदस्यको** |
| हस्ताक्षर | हस्ताक्षर |
| नाम थरः | नाम थरः |
| पदः | पदः |
| मितिः | मितिः |